निर्णयहरु :-

प्रस्ताव नं.१ माथि छलफल गर्दा यस नगरपाकिको दैनिक कार्यसञ्चालनको लागि तपशिलका कार्यविधिहरु पास गर्ने निर्णय गरियो ।

क) अपंगता भएका व्यक्तिको परिचय-पत्रवितरणकार्यविधि २०७५
ख) बोदे बर्साइन नगरपालिमा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन गर्ने विधेयक २०७५
ग) बोदे बर्साइन नगरपालिकाको सहकारी ऐन २०७५

प्रस्ताव नं. २ माथि छलफल गर्दा नगरसभाबाट २०७५।७६ का लागि नगरसभाबाट पास भएको योजनाहरु सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम अगाडी बढाई जेष्ठ मसान्त सम्म सकिने गरी निर्णय गरियो ।

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस नगरपालिकामा वडा नम्बर ४ र ८ को कार्यालय स्थपना भएदेखी भुक्तानी गर्न बाँकी रहेकोले सम्झौता बमोजिम भुक्तानी गर्ने र वडा नम्बर ९ को असोज देखी सम्झोता अनुसार भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.४ माथि छलफल गर्दा वडा नम्बर ८ को भवन उदघाटन भएको खर्च नियमानुसार भुक्तानी गर्ने ।

प्रस्ताव नं.५ माथि छलफल गर्दा स्थानीय तहको कर्मचरीलाई संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालयको नियमानुसार समायोजन गर्ने ।

प्रस्ताव नं. ६ :माथि छलफल सप्तरी जिल्लाको दररेट अनुसार आगामी दुई बर्षको दर रेटलाई अधार मानी औसत दररेट निकाली सर्व सम्मति पास गर्ने निर्णया गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा यस न.पा६को भवन मर्मतको लागि छुट्याएको रकम बाट उब्रेको रकमको सोही ...न्मा देउरी टोलमा नागबाँबा मन्दिरको परिसरमा नाँगरंगमंच बनाउने कामको लागि सर्वसम्मति निर्णय गरियो ।

प्रस्ताव नं. ८ स्वास्थय शिविर सञ्चालन गर्नको लागि विराटनगर बाट डाक्टरहरुको विशेषज्ञ टोली लाई व्यंवस्थापन ... र उक्त शिविरका लागि चाहिने औषधी खरिद को व्यवस्था मिलाउने ,महिला स्वयमसेविकाको मसिक भत्ता रु ...६०००।०० उपलब्ध गराउने, ल्याव व्यवस्थित गर्न चाहिने आवश्यक बजेटको व्यवस्था मिलाई ल्याव सञ्चालन ... धनगडीमा बर्थिंग सेन्टर संचालनको आवश्यक व्यवस्था मिलाउने निर्णय गरियो ।

प्रस्ताव नं. ९ विविध माथि कार्यपालिका बैठक निर्णय अनुसार छलफल गर्दा आ.व.२०७४।७५ आ.ले.प.प्रतिवेदन पेश ...को साथै बोदे बर्साइन न.पा ९ मा स्थपना हुनलागेको शसस्त्र कैम्पमा माटो पुर्ने काम लागत विवरण बमोजिम ...ी बाट भुक्तानी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९ : विविध माथि छलफल गर्दा अहिलेसम्म गरी दिने सम्बन्धमा इलाका प्रहरी कार्यालयबाट माग भएको आवश्यक सहयोग सम्बन्धमा कम्प्यूटर तथा प्रिन्टर को सम्भव भएसम्म उपलब्ध गराउने ।

प्रस्ताव नं. ९ : विविध माथि छलफल गर्दा विपद व्यवस्थापन बाट प्रभावित भएकालाई प्रहरी मुचुल्का तथा वडाको सिफारिस बमोजिम एक घर परिवारलाई रु ११०००।०० का दरले विपद व्यवस्थापनमा अनुदान स्वरुप सहयोग गर्ने निर्णय गरियो साथै न्यायपालिकाको मासिक ३ औंटा बैठक सम्मको प्रति बैठक रु१५०००।०० का दरले नियमानुसार कट्टी हुने गरि दिने निर्णय गरियो ।